# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा अस्पताल तथा स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड कार्यान्वयन कार्यविधि, २०७७ बमोजिमको प्रादेशिक व्यवस्थापन सुदृढिकरण समितिको बैठक सञ्चालन भएको छ। कार्यक्रम स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिम बहादुर खड्काको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा प्रदेश स्तरीय प्रादेशिक व्यवस्थापन सुदृढिकरण समितिका सबै पदाधिकारीहरु लगायत मन्त्रालय, निर्देशनालय, WHO-Gandaki का महा/शाखा प्रमुखहरु, सूचना अधिकारीहरु तथा प्रतिनिधिहरु लगायतको उपस्थिति रहेको थियो।



ल्वाङ स्वास्थ्य चौकि, कास्कीको आयोजनामा आ.व. २०८०/०८१ को सबै कार्यक्रमको data verification को लागि कार्यरत स्वास्थ्यकर्मिहरुको साथ छलफल सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा स्वास्थ्य कार्यालय, म्याग्दीको समन्वयमा एकीकृत अनुगमन कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम अन्तर्गत दरबाङ आधारभूत अस्पताल, म्याग्दीमा खोप, eLMIS, DHIS 2, परिबार नियोजन, फोहर व्यवस्थापन, न्यूनतम सेवा मापदण्ड तथा पोषण सम्बन्धि कार्यक्रमहरुको छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य निर्देशनालय स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका सूचना अधिकारी नवराज शर्मा, एक नारायण लम्साल र दिवाकर शर्मा र स्वास्थ्य कार्यालय, म्याग्दीका राजेन्द्र सापकोटाको उपस्थिति रहेको थियो।



पञ्चमुल प्राथमिक स्वास्थ्य केन्द्र, स्याङ्गजाको आयोजनामा २ बर्स मुनिका बालबालिकाहरुको पोषण screening कार्यक्रम नियमित संचालन भैरहेको छ।

# सााप्ताहिक समाचारपत्रिका

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




हिल स्वास्थ्य चौकि, बाग्लुङ्गको आयोजनामा खाली समयको सदुपयोग गर्दैं पुराना र खिया लागेका सामाग्रीहरुलाई रङ्गरोगन गरि नया बनाउने कार्य संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**






स्वास्थ्य सेवा विभाग, काठमाडौंको आयोजनामा तथा विश्व स्वास्थ्य संगठनको प्राविधक सहयोगमा ५ दिने "Advance GIS training and geotagging of Health facilities" तालिम सम्पन्न भएको छ। उक्त कार्यक्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका तथ्याङ्क अधिकृत प्रविण भण्डारीको सहजकर्ताको रुपमा सहभागिता रहेको थियो।



मालिका गाउँ पालिका, म्याग्दीको दर्बाङको दुखु सामुदायिक स्वास्थ्य ईकाइको आयोजनामा बिभिन्न जनचेतनामुलक कार्यक्रम संचालन भएको छ।

# सासाहिक समाचारपत्रिका


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा एकीकृत अनुगमन कार्यक्रम सम्पन्न भएको छ। अन्नपूर्ण गाउँपालिका, कास्की अन्तर्गतका नौडाँडा स्वास्थ्य चौकी, लुम्ले आयुर्वेद औषधालय, लुम्ले आधारभूत स्वास्थ्य ईकाईमा खोप, eLMIS, DHIS 2, पारिवारिक प्रोफाइल, फोहर व्यवस्थापन, न्यूनतम सेवा मापदण्ड, आयुर्वेद कार्यक्रम तथा पोषण सम्बन्धि कार्यक्रमहरुको छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य निर्देशनालय स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका सूचना अधिकारी नवराज शर्मा, एक नारायण लम्साल, दिवाकर शर्मा र स्वास्थ्य शाखा प्रमुख ऋषिराम पौडेलको उपस्थिति रहेको थियो।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**






छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा आ.व. २०८०/०८१ को अन्तिम चरणको सुत्केरी प्रोत्साहन रकम, प्रेषण यातायात खर्च एवं पोषण र सरसफाइ सामाग्री बितरण भएको छ।



अन्नपूर्ण गाउँपालिका, म्याग्दीको आयोजनामा न्युनतम् सेवा मापदण्ड कार्यक्रम अन्तर्गत भुरुगं तातोपानी स्वास्थ्य चौकी, म्याग्दीमा सम्पन्न भएको छ, जसमा ९२% प्राप्त भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




अन्नपूर्ण गाउँपालिका, म्याग्दीको आयोजनामा न्युनतम् सेवा मापदण्ड कार्यक्रम अन्तर्गत शिख स्वास्थ्य चौकीको अनुगमन सम्पन्न भएको छ जसमा ८९ % प्राप्त भएको छ।



चापाकोट नगरपालिकाको आयोजनामा स्वास्थ्यकर्मिहरुको लागि २ दिने e-HMIS सम्बन्धी अभिमुखिकरण कार्यक्रम चापाकोट नगरपालिकाको सभाहलमा सम्पन्न भएको छ।



शालिग्राम स्वास्थ्य चौकी, पर्बतको आयोजनामा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम तथा सामान्य उपचार सेवा संचालन भएको छ।



उरामपोखरा स्वास्थ्य चौकि, पर्बतको आयोजनामा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्र संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौं। दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

# साप्ताहिक समाचारपत्रिका

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




घार स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा अन्नपूर्ण गाउँपालिका ६ अन्तरगतका बिद्यालयहरु तथा टोल स्तरमा १०-१९ बर्ष सम्मका किशोरीहरुलाई आइरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रम सुरुवात भएको छ।



तमानखोला आधारभूत अस्पताल, बाग्लुङ्गको आयोजनामा श्राबन १५ को बिशेष अबशरमा खिर खाने कार्यक्रम संचालन भएको छ।

"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



खरेहाआधारभूत स्वास्थ्य सेवा केन्द्र, कुश्मा, पर्बतको आयोजनामा कुश्मा नगरपालिका, पर्बत अन्तर्गत वडा न. ७ मा बच्चामा रुबेला संक्रमण देखिएको हुँदा त्यस क्षेत्रमा यस संस्थाबाट स्वास्थ्यकर्मी र महिला सामुदाईक स्वास्थ्य स्वमसेबिकाको सहभागितामा सम्पर्क परिक्षण गर्दा उक्त बच्चाको अहिले सामान्य अवस्था रहेको र अन्य कुनै पनि गर्भवती तथा बालबालिकामा कुनै समस्या नरहेको पाइएको छ।

**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौं । दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




कुर्घा स्वास्थ्य चौकी, पर्बतको आयोजनामा जन्मदेखि २ वर्षसम्मका बालबालिकाको नियमित वृद्धि अनुगमन, स्वास्थ्य आमा समुहको नियमित बैठक सहजीकरण सँगै स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य शिक्षा कार्यक्रम तीनधारे स्वास्थ्य आमा समूहमा संचालन भएको छ।



बनौं स्वास्थ्य चौकी, पर्बतको आयोजनामा श्री बनौं मा.वि.मा दस वर्षदेखि उन्नाइस वर्षसम्मका किशोरीहरुलाई आइरन चक्की वितरण गर्ने कार्यक्रम संचालन भएको छ।

**निशुल्क एम्बुलेन्स सेवाका लागि १०२ मा फोन गर्नुहोस।**

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।



# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय पर्वतको मातहत इकाइ ईलाका प्रहरी कार्यालय, हुवासले लैंगिक हिंसा न्युनिकरण सम्बन्धि सचेतनामुलक कार्यक्रम सम्पन्न गरेको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**






चापाकोट नगरपालिकाको आयोजनामा आ.व २०८०/८१ मा चापाकोट नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुद्वारा सम्पादित स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको बार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा जनस्वास्थ्यका बिभिन्न सूचकहरुको मूल्यांकनका आधारमा साँखर स्वास्थ्य चौकी पहिलो, चापाकोट अस्पताल दोस्रो र मल्याङकोट स्वास्थ्य चौकी तेस्रो स्थान हाँसिल गर्न सफल स्वास्थ्य संस्थालाई धन्यबाद सहित प्रशंशा-पत्र प्रदान गरिएको छ।



धौलागिरी अस्पताल, बागलुङमा कार्यरत प्रमुख कन्सल्टेन्ट अव्स एण्ड गाइनोकोलोजिष्ट (एघारौं तह) डाक्टर रेखा पौडेल प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्र, गण्डकी प्रदेशको महानिर्देशकको जिम्मेवारी प्राप्त गर्नुभएकोमा हार्दिक वधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

# साप्ताहिक समाचारपत्रिका


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




जलजला गाउपालिका, पर्वतको आयोजनामा वार्ड नम्बर -९ बनौ साबिक -४ शान्ती स्वास्थ्य आमा समुहमा गर्भ अवस्था देखि जन्मिएको २ बर्षसम्म पोषणको महत्व बारेमा स्वास्थ शिक्षा कार्यक्रम संचालन भएको छ, कार्यक्रमको सहजीकरण महिला सामुदाईक स्वास्थ्य स्वमसेबिका प्रेम कुमारी फकामी थापाले गर्नुभएको थियो।




गत आबको आयुर्वेद तर्फको रिपोर्टिङ अवस्था।



चापाकोट नगरपालिका- ६, साँखर स्वास्थ्य चौकी, स्याङ्जा (स्तनपान सप्ताह)



गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




बिश्व स्तनपान सप्ताह २०८१ @ पञ्चमुल प्राथमिक स्वास्थ्य केन्द्र, स्याङ्जा




विश्व स्तनपान सप्ताह २०८१ @ टुकुचे स्वास्थ्य चौकी, मुस्ताङ






स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना, स्वास्थ्य कार्यालय, कास्कीको समन्वय र WHO गण्डकी PHEOC को सहयोगमा पालिका स्तरीय द्रुत प्रतिकार्य समिति (RRC) का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। अन्नपूर्ण गाँउपालिका, कास्कीमा सम्पन्न भएको उक्त कार्यक्रममा SORMAS को बारेमा समेत जानकारी गराइएको थियो। कार्यक्रममा द्रुत प्रतिकार्य समितिका सदस्यहरु, शाखा प्रमुखहरू, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य कार्यालय, कास्कीका याम बराल, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका कार्यक्रम फोकल पर्सन नवराज शर्मा, स्वास्थ्य शाखा प्रमुख ऋषि पौडेल र WHO PHEOC गण्डकीका डाक्टर राजीव लालचनकाे उपस्थिति रहेको थियो। पालिकाका अध्यक्ष विष्णु बहादुर केशीकाे अध्यक्षतामा संचालित उक्त कार्यक्रममा नवराज शर्मा, याम बराल, ऋषि पौडेल र डाक्टर राजीव लालचनले प्रस्तुतिकरण गर्नुभएको थियो। कार्यक्रममा पालिकामा हुने जोखिमहरू नक्शांकन गरिएको थियो।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ ।**

# साप्ताहिक समाचारपत्रिका


गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार





स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा एकीकृत अनुगमन कार्यक्रम सम्पन्न भएको छ। अन्नपूर्ण गाउँपालिका, कास्की अन्तर्गतका नौडाँडा स्वास्थ्य चौकी, लुम्ले आयुर्वेद औषधालय, लुम्ले आधारभूत स्वास्थ्य ईकाईमा खोप, eLMIS, DHIS 2, पारिवारिक प्रोफाइल, फोहर व्यवस्थापन, न्यूनतम सेवा मापदण्ड, आयुर्वेद कार्यक्रम तथा पोषण सम्बन्धि कार्यक्रमहरुको छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य निर्देशनालय स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका सूचना अधिकारी नवराज शर्मा, एक नारायण लम्साल, दिवाकर शर्मा र स्वास्थ्य शाखा प्रमुख ऋषिराम पौडेलको उपस्थिति रहेको थियो।









स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको आयोजनामा तालिम संचालन, तयारी एवम् विभिन्न विषयमा छलफल कार्यक्रम लमजुङ अस्पतालमा सम्पन्न भएको छ।



कोट्दरबार स्वास्थ्य चौकि, तनहुँको आयोजनामा उत्तरप्रसुति घरभेट तथा सुत्केरी पश्चात् अपनाउनु पर्ने स्वस्थ्य बानी व्यवहार, खतराका चिन्हहरु र पोषणयुक्त खानपान देखी नवजात शिशुको स्याहारको बारेमा आमालाई स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार



अन्नपुर्ण गाउँपालिका, म्याग्दी अन्तर्गतका भु तातोपानी स्वास्थ्य चौकी र पाउदार सामुदायिक स्वास्थ्य ईकाईको आयोजनामा विश्व स्तनपान सप्ताह २०८१ मा "स्तनपानमा समानता : सबैको सहयोग र सहभागिता " भन्ने मूल नाराका साथ गर्भवती, सुत्केरी र २ वर्ष मुनिको बालबालिकाको अभिभावकको उपस्थितमा विभिन्न कार्यक्रम संचला भएको छ।



स्वास्थ्य कार्यालय, पर्वतको अयोजनामा बिश्व स्तनपान सप्ताहको अवसरमा नारायण नमूना मा.वि पर्वत मा " स्तनपान र वृद्धि अनुगमन" विषयमा" एक स्वास्थ्यकर्मी, एक स्वाथ्य शिक्षा हाम्रो अभियान" अन्तगर्तको विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको सहजीकारण अन्जली पि सि, ममता ढकाल र रामचन्द्र सुबेदीले गर्नुभएको थियो।




के तपाइले आफ्नो बालबालिकालाई बाल भिटा खुवाउने गर्नुभएको छ ? बाल भिटाले खानालाई बनाउँछ पोषिलो, बालबालिका हुन्छन् चनाखो र दरिलो !!!



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




अन्नपूर्ण गाउँपालिका, म्याग्दीको आयोजना र दोबा स्वास्थ्य चौकीको समन्वयनमा नयाँ आ.व २०८१/८२ को पहिलो तथा समग्र रूपमा चौथों MSS फलोअप कार्यक्रम जन स्वास्थ्य निरीक्षक समुन्द्र बरुवालको अध्यक्षतामा र दोबा स्वास्थ्य चौकीका सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा सम्पन्न भएको छ। पहिलो पटक MSS गर्दा ४५% बाट चौथों पटकमा आइपुग्दा ६१% रहेको छ।





बागलुङ जिल्ला बडिगाड गा पा ३ सिसाखानिमा एकजना malaria को आयातित case +ve भेटिएकोले सिसाखानी स्वास्थ्य चौकिबाट बिरामिको घर परिवार तथा सम्पर्कमा रहेका वरपरका शंकास्पद १५ जना ब्यक्तिहरुको Active case detection ACD गर्ने काम सम्पन्न भएको छ। ती १५ जना सबैको RDT test को result negative आएको छ।



बरंजा स्वास्थ्य चौकी मा आ.ब २०८१/०८२ को पहिलो, सफल र स्वस्थ्य बच्चाको जन्म भएको छ। सफल सुत्केरी काम देवी पुर्जा छन्त्याल र यशोधा घर्ती मगरले गर्नुभएको थियो।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




बिश्व स्तनपान सप्ताह २०२४ अगस्त १ -७ सम्म (श्रावण १७-२३) २०८१ साल “स्तनपानमा समानता : सबैको सहयोग र सहभागीता “पूर्ण स्तनपान संगसंगै थप आहारा र बाल भीटा खुवाऔं।






मुदी स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा श्री बुद्दिविकास मा.वि.मुदिमा १०-१९ बर्ष सम्मका किशोरीहरुलाई स्वास्थ्यकर्मिहरुको प्रत्यक्ष संलग्नतामा आइरन फोलिक एसिड चक्की खुवाउने कार्यक्रम संचालन भएको छ।



काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँले सुत्केरी आमाहरूको लागि सुत्केरीपश्चातको नियमित रूपमा घरभेट कार्यक्रम सन्चालन गरिरहेको छ। जस अन्तर्गत तेस्रो पटकको उत्तरप्रसुति घरभेटमा सुत्केरी पश्चात् अपनाउनु पर्ने स्वस्थ्य बानि व्यवहार र पोषणयुक्त खानपान देखी नवजात शिशुको स्याहारको बारेमा आमालाई सुसूचित गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




राम्जा तिलाहार स्वास्थ्य चौकी, पर्बतले प्रयोगशालामा परिक्षण गरिएको खकार AFB का सलाइडहरुलाइ LQAS परिक्षण गरी पुनःपरिक्षणको लागी प्रदेश क्षयरोग केन्द्र, पोखरामा पठाउनका लागी स्लाइडहरु तयार पार्दै।



स्वास्थ्य कार्यालय, पर्वतमा कार्यरत पब्लिक हेल्थ नर्स सुमन शर्मालाई पुत्र लाभ भएको छ। आमा तथा बच्चाको सु-स्वास्थ्यको लागि कामना सहित हार्दिक बधाई तथा शुभकमना व्यक्त गर्न चाहन्छौं।



मनाङ डिस्याङ गाउँपालिका, मनाङ्को आयोजनामा स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली सम्बन्धी पालिका स्तरीय २ दिने तालिम संचालन भएको छ।



विश्व स्तनपान सप्ताह - श्रावण १७-२३, २०८१ "स्तनपानमा समानताः सबैको सहयोग र सहभागिता" पड्केपसल आधारभुत स्वास्थ्य सेवा केन्द्र, भानु नगरपालिका ६, तनहु



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार



नियमित सरसफाई कार्यक्रम @ आधारभूत स्वास्थ्य सेवाकेन्द्र खर्बाङ्ग, बाग्लुङ्ग



विश्व स्तनपान सप्ताह - श्रावण १७-२३, २०८१ “स्तनपानमा समानताः सबैको सहयोग र सहभागिता” @ चापाकोट नगरपालिका -०२, रत्नपुर स्वास्थ्य चौकी, स्याङ्गजा






फलेबास नगर अस्पताल, पर्वतको आयोजनामा बिश्व स्तनपान सप्ताहको अवसरमा आयोजित " स्तनपान र वृद्धि अनुगमन" विषयमा "एक स्वास्थ्यकर्मी , एक स्वाथ्य शिक्षा हाम्राे अभियान" अन्तगर्तको "स्तनपानमा समानता सबैको सहयोग र सहभागिता" भन्ने नाराका साथ श्री जनता माध्यमिक बिद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद विन्दु शर्मालाई जन्मदिनको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार




जिल्ला अस्पताल, मनाङ्गको आयोजनामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मनाङका कार्यालय प्रमुख डाक्टर कुमार कासुलालाई मनाङ जिल्लामा स्वागत तथा मनाङ अस्पतालमा आफ्नो दुई बर्ष करार अवधी पुरा गरी जान लाग्नुभएका डाक्टर सुनिल भित्रकोटीको बिदाइ तथा फेरी भेटौला कार्यक्रम संचालन भएको छ।






स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना, स्वास्थ्य कार्यालय, कास्कीको समन्वय र WHO गण्डकी PHEOC को सहयोगमा पालिका स्तरीय द्रुत प्रतिकार्य समिति (RRC) का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ। माछापुछ्रे गाँउपालिका, कास्कीमा सम्पन्न भएको उक्त कार्यक्रममा SORMAS को बारेमा समेत जानकारी गराइएको थियो। कार्यक्रममा द्रुत प्रतिकार्य समितिका सदस्यहरु, शाखा प्रमुखहरू, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य कार्यालय, कास्कीका याम बराल, स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका कार्यक्रम फोकल पर्सन नवराज शर्मा, स्वास्थ्य शाखा प्रमुख ऋषि पौडेल र WHO PHEOC गण्डकीका डाक्टर राजीव लालचनको उपस्थिति रहेको थियो। पालिकाका उपाध्यक्ष सीता अधिकारीको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा नवराज शर्मा, याम बराल, डिल्लीराम दाहाल र डाक्टर राजीव लालचनले प्रस्तुतिकरण गर्नुभएको थियो। कार्यक्रममा पालिकामा हुने जोखिमहरू नक्शांकन गरिएको थियो।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौं। दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक २०४, वर्ष ६, २०८१ श्रावण २०, August 4, 2024 आइतबार





चट्याङ रोक्न सकिन्न, तर सावधानी अपनाए यसबाट बच्न सकिन्छ।



गण्डकी आयुर्वेद औषधालय, कास्कीको आयोजनामा मनाङबाट प्रमुखको रुपमा सरुवा भई आउनुभएका डाक्टर शंकर गौतमलाई स्वागत तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मनाङमा प्रमुखको रुपमा सरुवा भई जान लाग्नुभएका डाक्टर कुमार कासुलालाई बिदाइ तथा फेरी भेटौला कार्यक्रम सञ्चालन भएको छ। दुवै कार्यालय प्रमुखहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं।




विश्व स्तनपान सप्ताह🤱(अगष्ट १-७, २०२४)

✅शिशु जन्मिए पछि सकेसम्म चाँडो (१ घण्टा भित्र) आमाको दूध खुवाऔं।

✅शिशुलाई जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दूध मात्र खुवाऔं।

✅बालबालिकालाई ६ महिना पुरा भएपछि उमेर अनुसार पुरक खानाका साथै कम्तिमा २ वर्षसम्म स्तनपान गराऔं।

❎चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दूध बाहेक अन्य कुनै किसिमका दूध र झोल पदार्थ नखुवाऔं।


**सम्पादक**

नवराज शर्मा

बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com